नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति तथा योजना शाखा

पत्र संख्याः १ (यो) २०७७।७८
च.नं. ३९३

रामशाहपथ, काठमाडौं,
नेपाल

मितिः२०७७।०८।२३

विषयः आधारभूत अस्पताल निर्माण सम्बन्धि परिपत्र सम्बन्धमा ।

श्री स्थानीय तह,
(तोकिएका ३९६) ।

प्रस्तुत विषयमा चालु आ.ब.२०७७।७८ को नीति तथा कार्यक्रममा "भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिने छ " भन्ने उल्लेख भए अनुसार ३९६ वटा स्थानीय तहहरुमा यही २०७७ साल मंसीर १५ गते एकैसाथ शिलन्यास कार्यक्रम सम्पन्न भैसकेको छ । यसै सन्दर्भमा केही स्थानीयतहहरुबाट छनौट भएका वडाको स्वास्थ्य संस्था भन्दा पृथक वडाको स्वास्थ्य संस्थामा आधारभूत अस्पताल निर्माण गर्ने निर्णय गरि सोही अनुरुप कार्य प्रकृया अगाडि बढाइएको भन्ने गुनासाहरु प्राप्त भएका छन् ।

उल्लेखित गुनासाका सम्बन्धमा "स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७" को परिच्छेद ५ को २.२ बमोजिम जग्गा व्यवस्थापन गरि गराइ सो निर्देशिका र "आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका, २०७७" को पूर्ण पालना गरि गराई अस्पताल भवन निर्माणको टेण्डर आव्हान मिति २०७७ पौष मसान्त भित्र गर्नु गराउनु हुन अनुरोध छ ।साथै प्रचलित कानून र स्वीकृत निर्देशिका/मापदण्ड/यस मन्त्रालयको परिपत्र पालना नगरी भवन निर्माण गरिए स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भवन निर्माणका लागि सशर्त अनुदान उपलब्ध गराउन बाध्य नहुने व्यहोरा समेत यस मन्त्रालयको निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

Email:mohp.planning@gmail.com